# प्रश्न नं. ८

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ८५४ देखि ९७५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

भिमबहादुर राउतको जाहेरीले नेपाल सरकार
बिरुद्ध

वझाङ जिल्ला खप्तडछात्रा गाउँपालिका वडा नं. ४ बस्ने ज्ञानबहादुर चौहान समेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।२ गते विहान अ. १० र ११ वजे तिर म खेतमा काम गरी घरमा आउँदा भाउजु वेलु देवी राउतको घरमा ज्वाई नाता पर्ने ज्ञानबहादुर चौहान र भाउजुको गाई किन्न आएकी विषा राउतलाई देखेको थिए । गाईको मोलमा कुराकानी नमीली सोही दिन अं. १२ बजे तिर विषा राउत आफ्नो घरमा फर्कि गएकी थिइन । ज्ञानबहादुर चौहान भाउजुको घरमा वसेको देखेको थिए । सोही दिनको दिउसो अं. १ वजे तिर म भैसि चराउन जंगल तर्फ गई साँझ ६ वजे तिर घरमा फर्किदा भाउजु वेलु देवी राउत खेतमा गोलमेल गरी राखेकी थिइन । मिति २०७५।८।२ गतेको राती अं. ९ वजे तिर म भैसी बिक्री गर्ने कुरा गर्न खड्क बहादर खड्काको घरमा गएको हुँ । सोही राती अं. १२।१ वजे तिर छोरी वुदी रावतलाई दिसा लाग्न गई श्रीमती कलादेवी राउतले घर वाहिर ल्याउँदा वेलु देवी राउतको घरमा आगो लागेको देखि गाउँ घरमा हो-हल्ला गरी उक्त हो-हल्ला सुनी म तत्काल उक्त ठाउँमा गई हेर्दा घर ढोका खुला भएको बोलाउँदा कराउँदा समेत कोही नबोलेको हुँदा गोठमा रहेका गाई वाच्छा वाहिर निकालेका हौं । ज्ञानबहादुर चौहान भाउजु वेलु देवी रावतको घरमा आई राख्ने, पैसा दिनु पर्यो भनी झै झगडा गर्ने र मिति २०७५।८।२ गतेका दिन भाउजु वेलुदेवी रावतको घरमा वसेको र सोही राती आगलागी भई ज्ञानबहादुर चौहान उक्त ठाउँमा नआई मिति २०७५।८।३ गतेबाट नै भागी गएका र भाउजु वेलुदेवी राउत र भतिजी भूमेश्वरा रावतको लाश समेत फेला नपरेको हुँदा निज ज्ञानबहादुर चौहानले कर्तव्य गरी मारी घरमा आगो समेत लगाएकोले पक्राउ गरी कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको जाहेरी दर्खास्त ।

२. जिल्ला वझाङ खप्तडछात्रा गाउँपालिका वडा नं. ९ स्थित गडतोला पूर्व अं. ३०० मिटर टाढा दलबहादुर राउतको घर पश्चिम अं. १५ मिटर टाढा पोरखाली गाउँ तिर जाने मूलबाटो उत्तर वेलु देवी राउतको मकैवारी दक्षिण अं. ५० मिटर टाढा भिमबहादुर राउतको घर यत चार किल्ला भित्र रहेको २२ फिट लम्बाई १६ फिट चौडाई भएको दुईतले जलेको अवस्थामा रहेको वेलु देवी राउतको घर उक्त घरको काठपात जलेको फुसको छाना जली खरानी भएको अन्य भाडाकुडा जली कालो अवस्थामा रहेको पूर्व पश्चिमतिरको दिवा भत्की १० फिटसम्म उचाई रहेको उक्त घटनास्थलमा लाश फेला नपरेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

३. मिति २०७५।८।२ गतेको विहान अं. ६ वजे तिर म वेलु देवी रावतको घरमा आफ्नो घर खर्चको लागि पैसा माग्न र पाल्न दिएको गाई विषा राउतलाई बिक्री गर्न विषा रावत समेतलाई लिई गएको थिए । गाईको मोलमा कुरा नमिली विषा राउत आफ्नो घर तिर आइन र म त्यही वसी साँझ खाना खाई अं. ९ वजे तिर गाई पनि वेचेन मलाई पैसा पनि दिदैनौ भनी भन्दा सासु वेलु देवी राउतले मलाई एक झापट हिर्काउँदा रिस उठी सोही घर भित्र रहेको फलामको पन्युले वेलु देवी राउतको कन्चटमा हिर्काउँदा मृत्यु भएको र भूमेश्वरा राउतलाई घर भित्र दिवालमा पछ्यारी मारेको हुँ । यसपछि म तत्काल घरमा गई वुवा धनबहादुर चौहानलाई भेटी मारेको कुरा सुनाएपछि लाश नदिमा फाल्नु पर्छ भनी सोही राती मेरो घरमा वास वसेको जितबहादुर चौहानलाई साथमा लिई दलबहादुर राउत, केशबहादुर खड्का समेतको सहयोग लिई नानीगाड र घट्टेखोला नदी मिल्ने स्थानमा उक्त दुवै लाशलाई फाली वगाई आ-आफ्नो घर तिर गएका हौ । घरमा आगो मैल लगाएको हुँ र वेलु देवी राउतलाई मारेपछि नाकको मुन्द्री निकाली दिलबहादुर चौहानसँग बिक्री गरेको हुँ भन्ने समेत व्यहोराको ज्ञानबहादुर चौहानको बयान ।

४. मिति २०७५।८।२ गते म आफ्नै घर पसलमा थिए । प्रतिवादी ज्ञानबहादुर चौहान घरमा थिएन । कहाँ गएका रहेछ थाहा भएन । मिति २०७५।८।४ गतेको विहान म आफ्नै घर पसलमा वसी राखेको अवस्थामा ज्ञानबहादुर चौहान एक्लै म भएकी ठाउँमा आई मेरो सासु वेलु देवी राउतले जमिन किनेको हुँदा जमिनको पैसा बुझाउन रु. १०००।- (एकहजार) को कमी परेको छ मलाई आधा तोला सुन मुन्द्री दिएको छ । पटि फिर्ता बुझाउने गरी मष्टालघु जल विद्युत उर्जा व्यवस्थापन समितिको कोषबाट रु. १०००।- (एकहजार) दिई सुनको मुन्द्री राख्नुहोस भन्दा उक्त व्यवस्थापन समितिको अध्यक्ष समेत निज प्रतिवादी ज्ञानबहादुर चौहाननै भएको हुँदा सुनको मुन्द्री पछि फिर्ता बुझाउने गरी रु. १०००।- दिएको हुँ । भूमेश्वरा राउतको र वेलु देवी राउतको घरमा आगलागी भएको कुरा मिति २०७५।८।५ गते साँझ अं. ४/ ५ वजे तिर थाहा पाएको हुँ , वेलु देवी राउत र भूमेश्वरा राउतलाई कर्तव्य गरी मारी घरमा आगो समेत ज्ञानबहादुर चौहानले लगाएकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको सुस्मा चौहानले प्रहरी समक्ष गरेको कागज ।

## प्रश्न नं. ८

५. यसमा उक्त मलाई देखाएको फलामको पन्यु थान १(एक) र सुनको मुन्द्री १ देखि चिने फलामको पन्यु मेरो भाउजु वेलु देवी राउतको हो । घटनास्थलमा फेला परेको हो र सुनको मुन्द्री १ मेरो भाउजु वेलु देवी राउतले नाकमा लगाउने गरेको थियो भन्ने समेत व्यहोराको भिमबहादुर राउतको सनाखत कागज ।

६. मृतक वेलु देवी राउत र मेरो घर ५० मिटरको दुरीमा पर्दछ । मिति २०७५।८।२ गते अं. ८ वजे तिर म मेरै गाउँको खड्कबहादुर खड्काको घरमा गएकी हुँ राती अं. १ वजेको समयमा आगलागी भएको हो हल्ला सुनी आगलागी भएको ठाउँमा आएको हु । वेलु देवी राउत र भूमेश्वरा राउत रोए कराएको केही आवाज सुनेन भन्ने व्यहोराको जाहेरवाला भिमबहादुर राउतको कागज ।

७. मिति २०७५।८।२ गतेका दिन म आफ्नै घरमा थिए । साँझ अं. ६-७ वजे तिर धनबहादुर चौहानको घरमा गई उक्त राती म त्यहीवास वसेको थिए । सोही रात अं. १० वजे तिर ज्ञानबहादुर चौहान हामी भएको घर अर्थात धनबहादुर चौहान र म सुतेको कोठामा गई हामीहरुलाई मैले सासु वेलु देवी राउतसँग पैसा माग्दा गाली गरी हिर्काएको रिस उठी दुवैजना वेलु देवी राउत र भूमेश्वरा राउतलाई मारेको हुँ । लाश घर भित्र नै छ भन्दा निज ज्ञानबहादुर चौहानका बाबु धनबहादुर चौहानले लाशलाई खोला नदीमा फाल्नु पर्दछ । वर्षादले नदी पढेको छ भनी मलाई समेत घटनास्थलमा जाउँ हिड भन्दा हामी तिनै जना तत्काल उक्त ठाउँमा गई सोही राती अं. १ वजे तिर गडराय गा.वि.स. वडा नं. ९ स्थित वेलु देवी राउतको घर घटनास्थलमा पगी सोही गाउँका दलबहादुर राउत र केशबहादुर खड्का समेतलाई बोलाई मृतक भूमेश्वरा राउत र वेलुदेवीको लाश सो घरबाट अं. १ कि.मी. तल पर्ने घट्टे खोला नदी र नानी गाड नदी मिल्ने स्थान दोमरा भन्ने ठाउँको नदीमा फाली वगाएको हो । यसपछि म धनबहादुर चौहान, ज्ञानबहादुर चौहान आ-आफ्नो घरमा आएको र दलबहादुर राउत र केशबहादुर खड्का पनि आ-आफ्नो घरमा गएका हौ भन्ने समेत व्यहोराको जितबहादुर चौहानले प्रहरीमा गरेको बयान कागज ।

८. मिति २०७५।८।२ गतेको राती म आफ्नै घरमा थिए । राती अं. १ वजेको समयमा धनबहादुर चौहान म भएको घरमा आई छोरा ज्ञानबहादुर चौहानले आफ्नो सासु वेलु देवी राउत र साली भूमेश्वरा राउतलाई मारेको रहेछ । लाश नदीमा पाल्न बगाउन लानु पर्यो भनी भलाई भनेका हुँदा म पनि उक्त घटनास्थलमा गई हामी सवै जना मिलि उक्त दुवै लाशलाई बोकी घट्टे खोला र नानीगाड मिल्ने दोमरो भन्ने स्थानमा नदीमा फाली वगाएका हौं । वर्षादको कारणले नदीको पानी वढेको हुँदा लाश कहाँ पुग्यो थाहा भएन । वगाएको स्थल देखाउन सक्छु भन्ने समेत व्यहोराको केशे भन्ने केशबहादुर खड्काले प्रहरीमा गरेको बयान कागज ।

९. मिति २०७५।८।२ गतेको राती म आफ्नै घरमा थिए । राती अं. १ वजेको समयमा धनबहादुर चौहान म भएको घरमा आई छोरा ज्ञानबहादुर चौहानले आफ्नो सासु वेलु देवी राउत र साली भूमेश्वरालाई मारेको रहेछ लाश नदीमा फाल्न वगाउन लागु पर्यो भनी मलाई भनेको हुँदा म पनि उक्त घटनास्थलमा गई हामी सवैजना मिलि उक्त दुवै लाशलाई वोकी घट्टे खोला र नानीगाड मिल्ने दोमरो भन्ने स्थानको नदीमा फाली बगाएका हौं । लास वगाएको ठाउँ देखाउन सक्छु भन्ने समेत व्यहोराको दलबहादुर राउतले प्रहरीमा गरेको बयान कागज ।

१०. मिति २०७५।८।२ गतेको राती अं. १० वजे तिर छोरा ज्ञानबहादुर चौहानले वेलु देवी राउत र भूमेश्वरा राउतलाई मारी घर भित्र नै राखेको छु भन्ने जानकारी मलाई दिए पनि तत्काल म जितबहादुर चौहान र ज्ञानबहादुर चौहान मेरो घरबाट हिडि लाश रहेको वेलु देवी राउतको घरमा गई अं. १ वजे तिर सोही गाउँको दलबहादुर राउत र केशबहादुर खड्कालाई लाश नदीमा फाल्न लाग्नु पर्यो भनी बोलाई वेलु देवी राउत र मूमेश्वरा राउतको लाशलाई हामी दलबहादुर राउत, जितबहादुर चौहान, केशबहादुर खड्का, ज्ञानबहादुर चौहान मिली सो वारदात भएको स्थान भन्दा अं. १ कि.मि. टाढा दक्षिण तर्फ पर्ने नानी गाड र घट्टे खोला मिलेको स्थान दोमरा भन्ने ठाउँको नदीमा फाली वगाई आफ्नो घरतिर गएका हौ भन्ने समेत व्यहोराको धनबहादुर चौहानले प्रहरीमा गरेको बयान कागज ।

११. वेलु देवी राउत र भूमेश्वरा राउतको लाशलाई नदीमा फाली बगाएको भन्ने स्थान वर्षादको कारण नदीमा पानी वढी भएको कारण लाश फेला नपरेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

१२. ज्ञानबहादुर चौहान वेलु देवी राउतको घरमा आवत जावत गरी राख्ने र पैसा चाहेमा पैसा माग्ने नदिएमा झैझगडा गर्ने हुँदा झगडा कै कारण वेलु देवी राउतलाई र भूमेश्वरा राउतलाई मारी घरमा आगो समेत लगाएको हुनु पर्दछ । अन्य को कसको संलग्नता थियो थाहा भएन भन्ने गुलाव खड्का समेतको मानिसहरुले गरी दिएको करिव एकै मिलानको वस्तु स्थिति मुचुल्का ।

१३. प्रतिवादी ज्ञानबहादुर चौहानले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरितको कसूर अपराध गरेको हुँदा निजलाई सोही संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय हुन र अन्य प्रतिवादी धनबहादुर चौहान, जितबहादुर चौहान, दलबहादुर राउत, केशबहादुर खड्काले कर्तव्यबाट ज्यान मारेको थाहा जानकारी पाउँदा पाउँदै पनि लाश दवाउने छिपाउनका मतलवले लाश नदिमा बगाएको कसूरमा सोही संहिताको दफा ३६ बमोजिम हदैसम्म सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग मागदावी ।

१४. सवै प्रतिवादीहरुले अदालतमा गरेको ईन्कारी बयान ।

१५. वझाङ्ग जिल्ला अदालतको फैसला ।

१६. उच्च अदालत समक्ष गरेको पुनरावेदन पत्र ।